# किरात शिरिजंगा पुरस्कार नियमावली - २०५१
# (तेश्रो संशोधनसहित)

**प्रस्तावाना**

किरात याक्थुङ चुम्लुङले किरात-शिरिजंगा लिपिलाई पुनरुत्थान गरी (लिम्बू भाषा) याक्थुङ-पानमा उल्लेखनिय योगदान दिनुहुने तेअङसि शिरिजंगा सिं थेबेको सम्झना एवं सम्मानको लागि लिम्बू भाषा, किरात शिरिजंगा लिपि, साहित्य, ईतिहास र संस्कृतिको अध्ययन तथा अनुसन्धानमा आधारित कृति लेखी यस क्षेत्रमा उल्लेखनिय योगदान दिनु हुने व्यक्ति तथा संघसंस्थालाई पुरस्कृत गर्न किरात याक्थुङ चुम्लुङको विधान २०४६ (छैठौं संशोधनसहित मिलाइएको)को दफा ६० (क)को अधिकार प्रयोग गरी किरात शिरिजंगा पुरस्कार नियमावली - २०५१ (तेश्रो संसोधनसहित) निर्माण गरी लागू गरिएको छ ।
(मिति २०६६ चैत ३० र ३१ गते बसेको किरात याक्थुङ चुम्लुङ केन्द्रीय कार्य समितिद्वारा संशोधन पारित)

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यी नियमहरुको नाम "किरात शिरिजंगा पुरस्कार नियमावली - २०५१" रहेको छ ।

(ख) यो नियमावली किरात याक्थुङ चुम्लुङ केन्द्रीय कार्य समितिको पूर्ण बैठकले पारित गरेपछि लागू हुनेछ ।

**२. परिभाषा**

(क) "विधान" भन्नाले किरात याक्थुङ चुम्लुङको विधान २०४६ लाई सम्झनु पर्दछ ।

(ख) "नियम" भन्नाले किरात शिरिजंगा पुरस्कार नियमावली २०५१ लाई सम्झनु पर्दछ ।

(ग) "किरात याक्थुङ चुम्लुङ" भन्नाले नेपाल सरकार, गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ दर्ता नं. १७५/०४७/४८ र समाज कल्याण परिषद दर्ता नं. १६९६ को स्थापित संस्थालाई सम्झनु पर्दछ ।

(घ) "पुरस्कार" भन्नाले यस नियमावली बमोजिम व्यवस्था भएको पुरस्कारलाई सम्झनु पर्दछ ।

(ङ) "संस्थापक" भन्नाले यो पुरस्कारको अक्षयकोषमा रकम राख्ने व्यक्तिहरुलाई संम्झनु पर्दछ ।

(च) "संचालक" भन्नाले पुरस्कार प्रदान गर्न सम्पूर्ण कार्यक्रम संचालन गर्ने किरात याक्थुङ चुम्लुङलाई सम्झनु पर्दछ ।

(छ) "निर्णयक समिति" भन्नाले नियम ६ बमोजिम गठन गरेको समितिलाई संझनु पर्दछ ।

(ज) "केन्द्रीय कार्य समिति" भन्नाले विधान बमोजिम निर्वाचित कार्य समितिलाई संझनु पर्दछ ।

(झ) "केन्द्रीय सचिवालय" भन्नाले केन्द्रीय कार्य समितिले गठन गरेको सचिवालयलाई संझनु पर्दछ ।

(ञ) "अक्षय कोष" भन्नाले विधान र आर्थिक नियमावली बमोजिम स्थापना गरिएको किरात शिरीजंगा पुरस्कार अक्षय कोषलाई संम्झनु पर्दछ ।

## परिच्छेद - २
## संस्थापक, संचालन र सहभागिता

### ३. किरात शिरिजंगा पुरस्कारको संस्थापक

(क) पुरस्कारको स्थापना वि.सं. २०५१ सालमा भएको हो ।

(ख) पुरस्कारको अक्षय कोषको लागि वि.सं. २०५१ सालमा विदेशमा कार्यरत लिम्बू भाषा, साहित्य, इतिहास र संस्कृति प्रेमी निम्न महानुभावहरुबाट रु ५०,००० (रुपिया पचास हजार मात्र) प्राप्त भएको हो ।

| क्रस | | नाम | रकम (रु) |
|---|---|---|---|
| १ | ताप्लेजुङ | रुद्र नारायण लिम्बू | ३,७२७/०५, |
| २ | खाम्लालुङ तेरथुम | देउ बहादुर इस्वो लिम्बू | ४,१०५/०० |
| ३ | हाङफाबुङ ताप्लेजुङ | दलबहादुर नेयङ लिम्बू | ४,४७२/४५ |
| ४ | ओखाबु, ताप्लेजुङ | दिलबहादुर ओखाबु लिम्बु | ७,४५४/१० |
| ५ | नुनढाकी, संखुवासभा | जितबहादुर थक्लुङ लिम्बू | ७,४५४/१० |
| ६ | ढुंगेसाँघु, ताप्लेजुङ | अगेन्द्र बहादुर वनेम लिम्बू | ९,६९०/३५ |
| ७ | लेचुवा, ताप्लेजुङ | धनजीत एभेङ लिम्बू | १३,०९६/९५ |

(ग) इमानसिं चेम्जोङको सतवार्षिकीको अवसरमा उनका ९ वटा कृतिहरु पुनःप्रकाशन गर्न सिनाम, ताप्लेजुङ हाल नखिपोट ललिपतुर निवासी मे. देउमान बखिम लिम्बूले यस संचालक संस्थालाई सापटी ऋण वापत रु ३४,०००/- (रुपिया चौतिस हजार मात्र) दिनुभएको थियो । वहाँले उक्त सापटी ऋण फिर्ता नलिई उक्त रकम वि.सं. २०६४ सालमा यस पुरस्कारको अक्षयकोषमा थप्नुभएको छ ।

(घ) सोखुप्पा गाउँ, आङखोप - ८, ताप्लेजुङ जिल्ला निवासी स्व. राजबहादुर पन्दाक लिम्बूको स्मृतिमा निजको परिवारबाट वि.सं. २०६६ सालमा यस पुरस्कार अक्षयकोषमा रु ५०,०००/- (अक्षरेपि पचास हजार मात्र) थप्नुभएको छ ।*

### ४. किरात शिरिजंगा पुरस्कारको संचालक

(क) पुरस्कारको संचालक किरात याक्थुङ चुम्लुङ केन्द्रीय कार्य समिति हुनेछ ।

(ख) पुरस्कार रकमको श्रोत अक्षय कोषबाट प्राप्त व्याज हुनेछ ।

* मिति २०६६ चैत ३० र ३१ गतेको केन्द्रीय कार्य समितिको बैठकद्वारा संसोधित

(ग) पुरस्कार रकम रु. १०,०००/- (रुपिया दश हजार मात्र) सहित एक प्रमाण पत्र हुनेछ ।

(घ) प्रत्येक दुई वर्षमा पुरस्कार वितरण हुनेछ ।

(ङ) पुरस्कार वितरण तेअङसी शिरिजंगा सिं थेबेको जन्मजयन्तीको दिनमा हुनेछ ।

(च) पुरस्कार सम्बन्धि सर्बाधिकार संचालकमा सुरक्षित हुनेछ ।

५. किरात शिरिजंगा पुरस्कारमा सहभागिता

(क) लिम्बू भाषा, किरात शिरिजंगा लिपि, साहित्य, ईतिहास र संस्कृतिको अध्ययन तथा अनुसन्धानमा आधारित प्रकाशित तथा अप्रकाशित (पाण्डुलिपि) कृतिहरु सहभागी हुनेछन ।

(ख) संचालक वा निर्णायक समितिलाई उपलब्ध वा आफै खोजी पत्ता लगाइएका सबै प्रकाशित वा अप्रकाशित (पाण्डुलिपि)को रुपमा रहेको मौलिक कृतिहरु सहभागी हुनेछन ।

(ग) कृतिको आधारमा व्यक्तिले जति पटक पनि सहभागी हुन पाउनेछ ।

## परिच्छेद - ३
## निर्णायक समितिको गठन र निर्णय वा छनौट प्रक्रिया

६. निर्णायक समितिको गठन

(क) कृति छनौट गर्नको लागि किरात याक्थुङ चुम्लुङ केन्द्रीय सचिवालयले बढीमा ५ सदस्यीय निर्णायक समितिको गठन गर्नेछ ।

(ख) निर्णायक समितिमा एक जना संयोजक तोकिनेछ । यस समितिलाई सहयोग र संयोजन गर्न केन्द्रीय सचिवालयले आफु मध्ये एक जनालाई सदस्य सचिवको रुपमा तोक्नेछ ।

(ग) समितिले आफनो कार्यविधि आफै तर्जुमा गरी लागू गर्नेछ ।

७. निर्णायक समितिको निर्णय वा छनौट प्रक्रिया

(क) प्रत्येक सहभागीहरुको मौलिक कृति छुट्टयाई निर्णय गर्नु पर्नेछ ।

(ख) कुनै एक भन्दा बढी कृतिहरुलाई छनौट गर्नु पर्दा प्रशस्त आधार हुनु पर्नेछ ।

(ग) कृति छनौट प्रक्रियामा निर्णायक समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

(घ) पुरस्कृत कृति मौलिक नभएको भनी पुरस्कार वितरण भएको मितिदेखि ३ (तीन) महिनाभित्र विरोध वा उजुरी परेमा त्यसउपर छानविन गरी अन्तिम राय संचालकले दिनेछ । विरोध वा उजुरी सत्य ठहरिएमा संचालकद्वारा प्रमाणपत्र रद्द गरिनेछ ।

## परिच्छेद - ४
## पुरस्कारको निरन्तरता र संसोधन

८. पुरस्कारको निरन्तरता

(क) पुरस्कारको अक्षयकोष माथि अन्य इच्छुक महानुभावहरुले रकम थप गर्न सक्नेछन ।

(ख) अक्षयकोषमा रकम थप भएमा पुरस्कारको रकम बृद्धि गर्न सकिनेछ ।

(ग) कुनै बर्ष पुरस्कार कारणवश निर्णय हुन नसकेमा या कुनै बर्ष पुरस्कार दिन छुटेमा या कुनै कारणले स्थगित भएमा सो पुरस्कार राशी त्यसको मूलधन अक्षयकोषमा जम्मा हुनेछ ।

(घ) यो पुरस्कार प्रदान गर्न गराउनमा मुख्य दायित्व किरात याक्थुङ चुम्लुङमा रहनेछ ।

(ङ) नेपाल सरकारको कानुन बमोजिम खारेजी वाहेक यो पुरस्कार निरन्तररुपमा प्रदान गरिनेछ ।

## ९. संशोधन

यस नियमावलीलाई आवश्यकता अनुसार किरात याक्थुङ चुम्लुङ केन्द्रीय कार्य समितिले संशोधन गर्न सक्नेछ ।

## १०. खारेजी र बचाउ

(क) यस नियमावलीमा लेखिए जति यहि बमोजिम र अन्यको हकमा विधान बमोजिम हुनेछ ।

(ख) किरात शिरिजंगा पुरस्कार नियमावली - २०५१ (पहिलो), (दोश्रो) संशोधन खारेज गरिएकोछ ।

(ग) खारेज गरिएको नियमावली अन्तर्गत आजसम्म भए गरेका कामकारबाहीहरुलाई यसै नियमावली अन्तर्गत भएगरेको सरह मानिनेछ ।

...............समाप्त............